## प्रतिवेदन विवरण

| | |
|---|---|
| क्लस्टर | ३ |
| योजनाको नाम | स्थानीय तहको आवधिक विकास योजना तर्जुमा<br>Preparation of Periodic Plan of Local Governments<br>(RFP No. NCB/Consulting/RFP/Periodic Plan/ Cluster-3) |
| सेवाग्राहीको नाम | प्रदेश सरकार<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश<br>(हरिहरपुरगढी गाउँपालिका, सिन्धुली ) |
| परामर्शदाता संस्थाको नाम | नेष्ट - पिकासो - प्यारागन जेभि, सानेपा, ललितपुर |
| प्रतिवेदनको नाम | अन्तिम प्रतिवेदन |
| प्रतिवेदन सङ्ख्या | ३ |
| प्रतिविदन पेश भएको मिति | २०७९ |
| प्रतिवेदन किसिम | Hard Copy तथा Soft Copy |
| परामर्शदाताको नाम | श्री पुनम बज्राचार्य - शहरी योजना विद् (Team Leader)<br>श्री नारायणहरी रिजाल- भौतिक पूर्वाधार विज्ञ (Physical Infrastructure Expert )<br>श्री बच्चु नारायण श्रेष्ठ – सार्वजनिक वित्त व्यवस्थापन विज्ञ<br>श्री भाग्वत दाहाल - समाजशास्त्री, अर्थशास्त्री<br>श्री गणेश भट्टराई - समाजशास्त्री<br>श्री विकास श्रेष्ठ – जिआईएस विद्<br>श्री महेन्द्र भट्टराई - वातावरण तथा विपद् व्यवस्थापन विद्<br>श्री सन्तोष कुमार शाह – तथ्याङ्क विद्<br>श्री निर्मल गौतम – सहजकर्ता |
| प्रतिवेदन जाँच गर्ने | श्री पुनम बज्राचार्य (Team Leader) |
| कार्यालयको छाप | |

## आभार

स्थानीय तहको आवधिक विकास योजना (२०७८/०७९ – २०८२/०८३) को तर्जुमाका लागि प्रदेश सुशासन केन्द्र बाग्मती प्रदेशले यस नेष्ट-पिकासो-प्यारागन जेभीलाई प्याकेज-३ अन्तरगतका हरिहरपुरगढी गाउँपालिका, सिन्धुलीको आवधिक योजना तर्जुमाको अवसर प्रदान गर्नु भएकोमा प्रदेश सुशासन केन्द्र, बागमती लाई हार्दिक धन्यवाद व्यक्त गर्दछौ । आवधिक योजना तर्जुमामा निरन्तर सहयोग, मार्ग दर्शन, पालिकाहरुमा समन्वय गरि योजना तर्जुमामा सक्रिय सहभागि भई कार्यमा सहजता प्रदान गरिदिनु हुने बाग्मती प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक श्री विमल पोखरेल, स्थानीय सुशासन विद् श्री चन्द्रप्रकाश सिग्देल लगाएत सम्पूर्ण विज्ञ टोली प्रति योजना तर्जुमा टोलीको तर्फबाट कृतज्ञता व्यक्त गर्दछौं ।

त्यसैगरी आवधिक योजना तर्जुमाको क्रममा पुर्याउनु भएको अतुलनिय सहयोगका लागि हरिहरपुरगढी गाउँपालिका पालिकाका अध्यक्ष श्री बज्र ध्वज वाईवाज्यु, उपाध्यक्ष श्री चेख बहादुर थिङ तथा प्रमुख प्रशासकिय अधिकृत श्री नविन गङतानज्यु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौ । त्यसैगरी अध्ययनका क्रममा महत्वपूर्ण सहयोग पुर्याउनु हुने गाउँपालिकाका पुर्व अध्यक्ष श्री कारसाङ ज्यु तथा उपाध्यक्ष श्री अनिता कुमारी राई  प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौ । योजना तर्जुमाका क्रममा सम्पर्क व्यक्तिको रुपमा रही योगदान गर्नु हुने प्रशासन शाखा प्रमुख श्री सुदिप लामिछानेज्यु, सम्पूर्ण शाखाका शाखा प्रमुख तथा कर्मचारी ज्यूहरुलाई  योजना तर्जुमाको क्रममा पुर्याउनु भएको अतुलनीय सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छौ ।

अध्ययनका क्रममा स्थलगत रुपमा जानकारी, सूचना तथा सल्लाह/सुझाव प्रदान गरि सहयोग गर्नु हुने सबै वडाका वडा अध्यक्ष तथा सदस्यज्यूहरु, वडा कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौ । अन्त्यमा यस योजना तर्जुमा कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने विकास साझेदार निकायका प्रतिनिधि तथा पालिका सम्पूर्ण स्थानीयवासीलाई हार्दिक धन्यवाद दिन चाहन्छौ ।

**अध्ययन टोली**

# विषय सुची


परिच्छेद 1: परिचय ..... १

1.1. पृष्ठभूमि ..... १

परिच्छेद 2: हरिहरपुरगढी गाउँपालिकाको वस्तुस्थिति विवरण ..... २

2.1. गाउँपालिकाको परिचय ..... २

2.1.1. क्षेत्रीय अवस्थिति ..... २

2.1.2. राजनीतिक र प्रशासनिक संरचना ..... २

2.1.3. भौगोलिक अवस्थिति ..... ३

2.1.4. जलबायु ..... ३

2.1.5. भिरोलापन ..... ३

2.1.6. जनसांख्यिक विवरण ..... ५

2.2. आर्थिक विकास अवस्था ..... ९

2.2.1. मुख्य पेशा ..... ९

2.2.2. कृषि तथा पशुपालन ..... ९

2.2.3. पर्यटन ..... ११

2.2.4. उद्योग तथा व्यापार, व्यवसाय ..... १२

2.2.5. श्रम तथा रोजगारी ..... 13

2.2.6. वित्तीय सेवा ..... १४

2.3. सामाजिक विकासको अवस्था ..... १५

2.3.1. स्वास्थ्य तथा पोषण ..... 15

2.3.2. शिक्षा ..... १६

2.3.3. महिला तथा बालबालिकको स्थिति ..... १८

2.3.4. युवा तथा खेलकुद ..... १९

2.3.5. धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थल ..... २०

2.3.6. सुरक्षा ..... २२

2.4. पूर्वाधार तथा शहरी विकास ..... २३

2.4.1. भूउपयोग ..... २३

2.4.2. वस्ती, आवास तथा सार्वजनिक निर्माण ..... २४

2.4.3. सडक तथा यातायात ..... २५

2.4.4. विद्‌युत् तथा वैकल्पिक ऊर्जा ..... २७

2.4.5. खानेपानी तथा सरसफाई ..... २६

2.4.6. सिँचाई पूर्वाधार ........ २७
2.4.7. सूचना, सञ्चार तथा प्रविधि ........ 28
2.4.8. फोहोरमैला व्यवस्थापन ........ २८
2.5. वन तथा वातावरण ........ २९
2.5.1. वन तथा जैविक विविधता ........ २९
2.5.2. जलस्रोत ........ २९
2.5.3. खानी तथा खनिज ........ २९
2.5.4. प्राकृतिक प्रकोप ........ ३०
2.6. सुशासन तथा संस्थागत व्यवस्था ........ ३२
2.6.1. स्थानीय ऐन तथा कानुनहरु ........ ३२
2.6.2. समिति गठन ........ ३३
2.6.3. संस्थागत व्यवस्था तथा सुशासन ........ ३३
2.6.4. वित्तीय स्रोत तथा परिचालन ........ 36
2.6.5. विकास साझेदार संस्था र जनसहभागिता ........ ३७
अनुसूची ........ ३९

तालिका 1:  गाउँपालिकाको पुनर्संरचना ........ ३
तालिका 2: भिरालोपन अनुसार गाउँपालिकाको क्षेत्रफल ........ ३
तालिका 3: वडागत जनसङख्या वितरण ........ ५
तालिका 4: वडागत जनघनत्व विवरण ........ ६
तालिका 5: मुख्य पेशा अनुसार संग्लग्न ........ ९
तालिका 6: पालिकामा रहेका कृषि पकेट क्षेत्र ........ १०
तालिका 7: पालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरु ........ १२
तालिका 8:  रोजगार सम्बन्धि विवरण ........ १३
तालिका 9: वडागत स्वास्थ्य संस्थाको वितरण ........ १५
तालिका 10: बालबालिकाले लिएको खोपको अवस्था ........ १६
तालिका 11: सुरक्षा निकायको विवरण ........ २२
तालिका 12: गाउँपालिकाको वर्तमान भूउपयोग विवरण ........ २३
तालिका 13: वडागत मुख्य वस्तीको विवरण ........ २४
तालिका 14: सामुदायिक भवनको इव्रण ........ २५
तालिका 15 : सूचना तथा संचाको पहुँचको अवस्था ........ २८
तालिका 17: गाउँपालिकाको आय विवरण ........ ३६

फोटो 1: पशुपालनको स्थिति ..... ११
फोटो 2: ऐतिहासिक हरिहरपुरगढी दरबार क्षेत्र ..... ११
फोटो 3 क्यानेश्वर स्वास्थ्य चौकी ..... १५
फोटो 4 महेन्द्रझ्याडी प्राथमिक स्वास्थ्य केन्द्र ..... १६
फोटो 5: श्री जनज्योति आ.वि ..... १८
फोटो 6: श्री महेन्द्रझ्याडी मा.वी. ..... १८
फोटो 7: ब्याटमिन्टन कोर्ट , वडा ५ ..... २०
फोटो 8: खेल मैदान ..... २०
फोटो 9: प्रहरी चौकी महेन्द्रझ्याडी ..... २२
फोटो 10: परम्परागत शैलीका घरहरु ..... २४
फोटो 11: स्थानीय वस्ती, वडा नं ३ ..... २४
फोटो 12: मदन भण्डारी राजमार्ग ..... २६
फोटो 13: गाउँपालिकामा संचालन हुने यातायातका साधनहरु ..... २६
फोटो 14: खोलाबाट बालुवा निकाल्दै ..... 30

चित्र 1: गाउँपालिकामा रहेका जातजातिको विवरण ..... ७
चित्र 2: भाषा अनुसार जन सङ्ख्याको विवरण ..... ७
चित्र 3: गाउँपालिकाको साक्षरताको अवस्था ..... १७

नक्शा 1: गाउँपालिकाको भौगोलिक अवस्थिति नक्शा ..... २
नक्शा 2:भिरालोपनको नक्शा ..... ४
नक्शा 3: जनघनत्व नक्शा ..... ६
नक्शा 4: शैक्षिक संस्थाको वितरण ..... १७
नक्शा 5: धार्मिक स्थालहरुको वतरण ..... २१
नक्शा 6: गाउँपालिकाको विद्यमान भूउपयोग नक्शा ..... २३

# परिच्छेद १: परिचय

## १.१. पृष्ठभूमि

नेपालमा नेपाल भौगोलिक विविधता, प्राकृतिक सम्पदा तथा मानव संसाधनको अवस्था हेर्दा समृद्धिको प्रशस्त सम्भावना रहेको छ । कुनै क्षेत्रको सामाजिक-आर्थिक विकासनै सो क्षेत्रको रूपान्तरणको आधार हो । नेपालमा अझैपनि जन सङ्ख्या को ठूलो हिस्सा गरिबीको रेखामुनि रहेको छ । विकास निरन्तर प्रयासहरूको बावजुद देशका सबै क्षेत्रमा आधारभूत सेवा तथा पूर्वाधारको समान पहुँच पुग्न सकेको छैन । योजनाबद्ध विकासको कमी यसको मुख्य कारकको रुपमा रहेको देखिन्छ ।

नेपालमा ६ दशक लामो योजनाबद्ध विकासको अवधिमा नौ वटा पंचवर्षीय र पाँच वटा त्रिवर्षीय योजना कार्यान्वयन भईसकेका छन् । नेपालले सन् २०१३-२०१८ मा पहिलो पंचवर्षीय योजनाबाट योजनाबद्ध विकासको थालनी भएको हो । हाल नेपालमा पन्ध्रौं आवधिक योजना (२०७६/०७७- २०८०/८१) कार्यन्वयनमा चरणमा रहेको छ ।

नेपालको संबिधानको कार्यन्वयन पछी नेपालको राज्य प्रणाली संघिय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रुपान्तरण भैसकेको छ । तिनै तहका सरकार (संघ, प्रदेश र स्थानीय सरकार) संबैधानिक रुपमा अधिकार सम्पन्न भएका छन् । तिनै तहका सरकार संबैधानिक रुपमानै स्थानीय शान्ति, समृद्धि सुशासन, सामाजिक तथा आर्थिक विकासका लागि स्वयम स्थानीय तहलाई नै अधिकार प्रत्यायोजन गरिएको छ । नेपालको संबिधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्न नेपाल सरकाले स्थानिय सरकार संचालन ऐन, २०७४ जारी भयो । ऐनले स्थानीय सरकारको अधिकार, भूमिका तथा जिम्मेवारी तोकेको छ । ऐनले स्थानीय तहको दिगो विकासका लागि गाउँपालिका /गाउँपालिकाप्रोफाइल, स्रोत नक्सा, आवधिक योजना, वार्षिक योजना र दीर्घकालीन विकास योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा प्रदेश सुशासन केन्द्र , बागमती प्रदेशले सामाजिक तथा आर्थिक विकासको लक्ष्य हासिल गर्न तथा स्थानीय तहमा योजनावद्ध विकास मार्फत सुशासन कायम गर्न प्रदेश भित्र रहेका विभिन्न स्थानीय तहको आवधिक योजना तर्जुमा गरेको छ ।

स्थानीय समस्यालाई सम्बोधन गर्न योजना तर्जुमा प्रक्रिया जनसहभागितामा आधारित, नेपालको संबिधान, तथा सम्बिन्धित ऐन, कानुन, नीति तथा निर्देशिकामा आधारित भएर तर्जुमा प्रक्रिया अगाडी बढेको छ । यो स्थानीय तथाको विकासको गतिलाई निर्देशित गर्ने एक गतिशील दस्ताबेज हुनेछ ।

# परिच्छेद २: हरिहरपुरगढी गाउँपालिकाको वस्तुस्थिति विवरण

## २.१. गाउँपालिकाको परिचय

### २.१.१. क्षेत्रीय अवस्थिति




नक्शा 1: गाउँपालिकाको भौगोलिक अवस्थिति नक्शा

### २.१.२. राजनीतिक र प्रशासनिक संरचना

हरिहरपुरगढी गाउँपालिका वागमती प्रदेशको सिन्धुली जिल्लामा अवस्थित छ । जस अनुसार,सिन्धुली जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित साविक महेन्द्रझ्याडी, हरिहरपुरगढी, क्यानेश्वर, पिपलमाडी गा.वि.स. समेटी मिति २०७३ फागुन २७ गते हरिहरपुरगढी गाउँपालिका गठन भएको हो । यस गाउँपालिकाको नामाकरण ऐतिहासिक हरिहरपुरगढी दरबारलाई आधार मानी गरिएको छ । पालिका सिमाना पूर्वमा मरिण गाउँपालिका, पश्चिममा मकवानपुर र रौतहट जिल्ला, उत्तरमा काभ्रेपलान्चोक जिल्ला दक्षिणमा सर्लाही जिल्ला सम्म फैलिएको छ । प्रशानिक रुपमा गाउँपलिकलई ८ वटा वडामा बिभाजन गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ३४३.९ वर्ग कि.मि. रहेको छ । भौगोलिक धरातलीय रुपमा समथर फाँट, चुरे क्षेत्र, खोला खोल्सी, अग्लो होचो डाँडा काँडा

देखि महाभारत सम्मको भूभाग पाईन्छ । गाउँपालिकाको मध्य भागमा मरिण, दक्षिण पुर्वी भागमा क्यानखोला, पश्चिम भागमा बाग्मती र उत्तरी भागमा कोखाजोर नदीहरु पाईन्छ ।

तालिका 1: गाउँपालिकाको पुनर्संरचना

| हालको वडा | साविक गाविस | साविक वडा |
|---|---|---|
| १ | हरिहरपुरगढी | १ – ९ |
| २ | पिपलमाडी | १, २ , ९ |
| ३ | पिपलमाडी | ३ – ८ |
| ४ | महेन्द्रझ्याडी | २, ३, ४, ५ |
| ५ | महेन्द्रझ्याडी | १, ६, ७, ८, ९ |
| ६ | क्यानेश्वर | ६,७, ८ |
| ७ | क्यानेश्वर | १, २, ९ |
| ८ | क्यानेश्वर | ३, ४, ५ |

**(** स्रोत: https://www.sthaniya.gov.np/gis/ **)**

### २.१.३. भौगोलिक अवस्थिति

भित्री मधेसमा अवस्थित हरिहरपुरगढी गाउँपालिका समुद्री सतहदेखि करिब समुद्री सतहबाट १२४ मि. देखि १३३५ मि. को उचाईमा अवस्थित छ । पालिकाको भौगोलिक अवस्थिति शिवालिक क्षेत्रमा २७°८'१३" देखि २७°२२'३५" उत्तरी अक्षांश र ८५°२५'४" देखि ८५°३९'१" पूर्वी देशान्तरको बिचमा फैलिएको छ ।

### २.१.४. जलबायु

यस गाँउपालिकामा जाडो याममा ज्यादै सुख्खा जाडो र गर्मिमा ज्यादै गर्मि हुने गरेको छ। साथै मनसुनमा भारी वर्षा हुने गरेको छ । यस पालिकामा औसत अधिकतम तापक्रम ३०.०९ डिग्री सेल्सियस र औसत न्युनतम तापक्रम ६.२६ डिग्री सेल्सियस रेकर्ड गरिएको छ । ( सिन्धुली जिल्लाको सिन्धुलीमाडी स्टेसनको रेकर्ड )

### २.१.५. भिरोलापन

भित्रि मधेशमा अवस्थित हरिहरपुरगढी गाउँपालिकाको धैरे जसो भूभाग चुरे पहाडी क्षेत्रमा पर्दछ । पालिकाको ३५ % भन्दा बढी भूभाग १० – २० डिग्री सम्म र २३.५५ % भूभाग २० – ३० डिग्री सम्मको भिरलोपन रहेको छ । ३०. ४१ % भूभाग १० डिग्री भन्दा कम र मात्र ०.६० % भूभाग ४५ डिग्री भन्दा बढीको भिरोलोपन रहेको छ ।

तालिका 2: भिरालोपन अनुसार गाउँपालिकाको क्षेत्रफल

| भिरालोपन | प्रतिशत |
|---|---|
| १० डिग्री भन्दा कम | ३०.४१ |
| १० – २० डिग्री सम्म | ३५.२३ |

| | |
|---|---|
| २० – ३० डिग्री सम्म | २३.५५ |
| ३० – ४५ डिग्री सम्म | १०.२१ |
| ४५ डिग्री भन्दा बढी | ०.६० |



नक्शा 2:भिरालोपनको नक्शा

## २.१.६. जनसांख्यिक विवरण

### २.१.६.१. जनसङ्ख्या वितरण

राष्ट्रिय जनगणना २०११ अनुसार हरिहरपुरगढी गाउँपालिकाको कुल जन सङ्ख्या २७,७२७ रहेको छ । जसमा पुरुषको सङ्ख्या १३,२७५ र महिलाको सङ्ख्या १४,४५२ रहेको छ । पालिकाको वडा अनुसार जनसङ्ख्याको वितरण हेर्दा सबै भन्दा बढी जनसङ्ख्या वडा न १ मा र सबै भन्दा कम वडा न ४ मा देखिन्छ । पालिकाको औशत परिवारको आकार ६ रहेको छ भने

लैंगिक अनुपात ०.९२ छ ।

हरिहरपुरगढी गाउँपालिकाले सिन्धुली जिल्लाको ९.३६ % र बागमती प्रदेशको ०.४६ % जनसङ्ख्या ओगटेको छ । जहाँ सिन्धुली जिल्ला र बागमती प्रदेशको कुल जनसङ्ख्या क्रमशः २,९६,१९२ र ६०,८४,०४२ रहेको छ । गाउँपालिकाको वडा अनुसार जनसङ्ख्या वितरण तलको तालिकामा देखाइएको छ ।

तालिका 3: वडागत जनसङ्ख्या वितरण

| वडा नं. | घरघुरी | जनसङ्ख्या | | | क्षेत्रफल (वर्ग कि.मि.) | औसत परिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | |
| १ | ७०८ | २२५३ | २४९१ | ४७४४ | ६५.१६ | ६.७ | ०.९० |
| २ | ६६३ | १७८९ | १८७७ | ३६६६ | ३३.१६ | ५.५ | ०.९५ |
| ३ | ६३६ | १८७९ | २०५९ | ३९३८ | ३९.६२ | ६.२ | ०.९१ |
| ४ | ४१२ | ११५१ | १२८१ | २४३२ | ३०.२४ | ५.९ | ०.९० |
| ५ | ५५० | १७२१ | १८६२ | ३५८३ | ५२.२२ | ६.५ | ०.९२ |
| ६ | ४९२ | १३४६ | १४९३ | २८३९ | २५.२३ | ५.८ | ०.९० |
| ७ | ६४० | १८१६ | १९४० | ३७५६ | ४०.८४ | ५.९ | ०.९४ |
| ८ | ४८५ | १३२० | १४४९ | २७६९ | ५७.४३ | ५.७ | ०.९१ |
| **जम्मा** | **४५८६** | **१३२७५** | **१४४५२** | **२७७२७** | **३४३.९०** | **६.०** | **०.९२** |

(स्रोत: राष्ट्रिय जनगणना, २०६८)

### २.१.६.२. जनघनत्व

जनघनत्व निश्चित क्षेत्रफलमा जन सङ्ख्या को चाप मूल्याङ्कन गर्नको लागि प्रभावकारी सूचकांक हो । प्रति ईकाई क्षेत्रफलमा बसोबास गर्ने जनसङ्ख्यामा जनघनत्व मापन गरिन्छ । हरिहरपुरगढी गाउँपालिकाको औषत जनघनत्व ८०.६३ व्यक्ति प्रति व.कि.मि रहेको छ । पालिकाको वडा नं ६ मा सबै भन्दा बढी ११२.५२ व्यक्ति प्रति व.कि.मि र वडा नं ८ मा सबै भन्दा कम ४८.२२ व्यक्ति प्रति व.कि.मि जनघनत्व रहेको छ ।

तालिका 4: वडागत जनघनत्व विवरण

| वडा नं. | जम्मा जनसङ्ख्या | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (वर्ग कि.मि) |
|---|---|---|---|
| १ | ४७४४ | ६५.१६ | ७२.८१ |
| २ | ३६६६ | ३३.१६ | ११०.५५ |
| ३ | ३९३८ | ३९.६२ | ९९.३९ |
| ४ | २४३२ | ३०.२४ | ८०.४२ |
| ५ | ३५८३ | ५२.२२ | ६८.६१ |
| ६ | २८३९ | २५.२३ | ११२.५२ |
| ७ | ३७५६ | ४०.८४ | ९१.९७ |
| ८ | २७६९ | ५७.४३ | ४८.२२ |
| **जम्मा** | **२७७२७** | **३४३.९०** | **८०.६३** |

(स्रोत: राष्ट्रिय जनगणना, २०६८)




नक्शा 3: जनघनत्व नक्शा

### २.१.६.४. **जातियता**

जात र जातीयता एक महत्त्वपूर्ण सामाजिक अंग हो । हरिहरपुरगढी गाउँपालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ । कूल जन सङ्ख्या को ९२.६४ प्रतिशत, (२५,६८७) सङ्ख्या जनजातिको रहेको छ । यसका साथै गाउँपालिकामा कुल जनसङख्याको क्रमशः ४.८५ प्रतिशत (१३४६) १.०८ प्रतिशत (२९९) र ०.८६ (२३८) प्रतिशत (२३८) दलित, क्षेत्री र ब्राह्मणहरू अन्य प्रमुख जातीय समूह हुन् । अन्य अल्पसंख्यक समूहहरू कुल जनसङख्याको ०.५७ प्रतिशत (१५७) छन् ।




चित्र 1: गाउँपालिकामा रहेका जातजातिको विवरण

### २.१.६.५. **भाषा**

प्रत्येक जातिको आ-आफ्नै मातृभाषा हुन्छ । यस पालिकामा बसोबास गर्ने अधिकांश जनसङख्या (६६.५८%) ले तामाङ भाषा बोल्छन् । त्यसैगरी  नेपाली भाषा र दनुवार भाषा बोल्नेको  सङ्ख्या क्रमश  १३.५३% र  ९ % छन् । ३.८१ % मगर २.९२%  राई र २.६७% ले माझी भाषा बोल्छन् ।




चित्र 2: भाषा अनुसार जनसंख्याको विवरण

### २.१.६.१. उमेर अनुसार जन सङ्ख्या

हरिहरपुरगढी गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये बालबालिकाको सङ्ख्या (०-१४ वर्ष उमेर समुह) ३३.१४ % रहेको छ । यस गाउँपालिकामा युवा अर्थात् १५- ३९ वर्ष उमेर समुहको जनसङ्ख्या ३४.६४ %, देखिन्छ । जुन आर्थिक रुपले सक्रिय समुह हो । त्यसैगरी ४०-६९ वर्ष उमेर समुहको जनसङ्ख्या १७.६१ % रहेको छ । पालिकामा ७० वर्ष भन्दा माथि उमेर समुहको जनसङ्ख्या २.१ % मात्र रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)।

### २.१.६.२. साक्षरता अवस्था

हरिहरपुरगढी गाउँपालिकाको कुल साक्षरता दर ५०.५८ % रहेको छ । कुल जनसङ्ख्याको झन्डै आधा हिस्सा निरक्षर देखिन्छ । पालिकाको महिला साक्षरता दर ४१.६३ % र पुरुष साक्षरता दर ६०.४२ % रहेको छ ।

| ५ वर्ष माथि उमेर समुहको साक्षरता दर | साक्षरता प्रतिशत |
|---|---|
| महिला साक्षरता | ४१.६३ |
| पुरुष साक्षरता | ६०.४२ |
| कुल साक्षरता | ५०.५८ |

(स्रोत: (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६))

## २.२. आर्थिक विकास अवस्था

### २.२.१. मुख्य पेशा

यस गाउँपालिकाका अधिकांश घरपरिवारको कृषि पेशामा संग्लग्न छन् । पालिकाको ५६.२४ % आय आर्जन कृषिबाट हुन्छ । त्यसैगरी अधिकांश युवा करिब १३.८६ % बैदेशिक रोजगारमा संगलन छन् । ज्याला मजदुरी स्थानीयको अर्को मुख्य पेशा हो ज्याला मजदुरीलाई ११.३५ % ले मुख्य पेशाको रुपमा अपनाएका छन् ।

तालिका 5: मुख्य पेशा अनुसार संग्लग्न

| क्र.स. | आम्दानीको स्रोत | प्रतिशत(%) |
|---|---|---|
| १ | कृषि | ५६.२४ |
| २ | वैदेशिक रोजगार | १३.८६ |
| ३ | ज्याला मजदुरी | ११.३५ |
| ४ | सेवा ( नीजि तथा सरकारी ) | ९.२५ |
| ५ | व्यापार/ व्यवसाय | ५.४७ |
| ६ | अन्य | ३.८३ |

(स्रोत: हरिहरपुरगढी, पार्श्वचित्र, २०२१)

### २.२.२. कृषि तथा पशुपालन

कृषि नेपालको जीडीपीमा योगदान र रोजगारी सिर्जना गर्ने प्रमुख क्षेत्र हो । राष्ट्रिय प्रवृत्ति पछ्याउँदै स्थानीय तहहरू पनि मुख्यतया कृषि क्षेत्रमा निर्भर छन् । गाउँपालिकाको १५.९५ % जमिन खेती योग्य रहेको छ । पालिकाको मुख्य पेशाको रुपमा रहेको कृषि तथा पशुपालन क्षेत्रमा पालिकाको कुल जनसङख्याको ५६.२४ % जनसङख्या संग्लग्न रहेको छ । यस क्षेत्रमा हुने मुख्य अन्नबालीमा धान, मकै, कोदो, गहुँ, हुन् । अधिकांश घरपरिवारले खाद्यान्नको लागि आफ्नै खेतबारीमा उब्जाउने गरेका छन् ।

त्यसैगरी यहाँ हुने मुख्य नगदे बालीमा तोरी, आलु, लसुन, अदुवा, बेसार, तिल, दलहन बालीमा मास, मस्यांग, भटमास, केराउ, सिमि, बोडी तथा तरकारी बालीमा बन्दाकोभी, काउली, बन्दा, लसुन, प्याज, खुर्सानी, मुला, साग, टमाटर, रहेका छन् । त्यसैगरी फलफुल खेतीमा जुनार, सुन्तला, कागती, आँप, लिची, केरा, मुख्य हुन् । पालिकाको अन्न् उत्पादन खपत तथा विक्रिको अवस्थालाई हेर्ने हो भने यहाँ हुने अन्न उत्पादन घरायसी प्रयोजनका लागि प्रयोग हुने गरेको देखिन्छ । त्यसैगरी तरकारी उत्पादनको धेरै जसो हिस्सा विक्री गर्ने गरिएको छ । त्यसैगरी दलहनमा मास, मस्यांङ, केराउ उत्पादनको केहि मात्रा बिक्रि गर्ने गरिएको छ । पालिकामा फलफुल पनि धेरैजसो हिस्सा विक्री हुने गरेको देखिन्छ । पालिकामा उत्पादन तथा बिक्रीको यकिन तथ्यांक राख्ने गरिएको छैन ।

कृषकहरुले धेरै जसो अन्न बालि तथा नगदे बालिको स्थानीय रैथाने बिउको प्रयोग गर्ने गरेका छन् भने तरकारी तथा फलफुलमा भने उन्नत जातको बिउ, बिरुवा लगाउने गर्दछन । कृषि उत्पादनमा थोरै मात्रामा स्थानीय प्राङगारिक मलको प्रयोग गर्ने गरेका छन्, भने रासायनिक मलको प्रयोग पनि बढ्दो देखिन्छ । तरकारी खेतीका लागि रासायनिक मलका साथै कुखुराको मल को प्रयोग गर्ने गरिएको छ ।

अन्य स्थानमा जस्तै यस पालिकामा पनि कृषि बालिमा विभिन्न रोगहरु लाग्ने गरेको छ । कृषि उत्पादनमा देखिएका मुख्य रोगहरुमा फौजी किरा, गबरा किरा, डढुवा (पात पहेलो हुने ),पदेरो, फलफूलका बोट मर्ने तथा ओइलाउने, राता कमिला लाग्ने आदि हुन् ।

तराई क्षेत्रमा अवस्थित हरिहरपुरगढी गाउँपालिकाको अधिकांश कृषियोग्य जमिन मलिलो र उर्बर छ । पालिकाले विभिन्न उत्पादनको लागि पकेट क्षेत्र तोकी उत्पादन बढाउने तर्फ जोड दिएको छ । पकेट क्षेत्र विकास कार्यक्रमलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम मार्फत सहयोग गरिरहेको छ । पालिकामा छुट्याइएका पकेट क्षेत्रहरु को विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 6: पालिकामा रहेका कृषि पकेट क्षेत्र

| वडा न | उत्पादनको नाम | स्थान | सम्भावित अन्य स्थान |
|---|---|---|---|
| १ | कागती पकेट | साविक वडा न २, ४ | - |
| १ | जुनार तथा सुन्तला | साविक वडा न २, ४ | साविक १ वडा |
| १ | अकबरे खुर्सानी | साविक वडा न २, | - |
| १ | केरा र वदाम | साविक वडा न ६ र २ | साविक २ |
| ५ | धान | दुबार खोला | बोटिनि |
| ५ | आदुबा | बसेरी | सेपाहा मूजोर |
| ५ | बेसार | सिम्रासु डाडा | धनमना खोला |
| ५ | तरकारी , फलफुल | बोटिनी | पेलुगे दुर्बर भेग |
| ४ | धान | ब्रहाबिसे | |
| ४ | मकै, गहुँ | सिमलपुर | |
| ४ | तरकारी | वेलपुर, जुटपानी, हाकपारा | |
| ३ | धान, मकै | ४ ओटा | ३ ओटा |
| ३ | केरा खेति | १० स्थान | ३ स्थान |
| ६ | बेसार | चिसापानी | रमनदास , सानो/ठुलो कौवा |
| ८ | बेसार | चिसापानी | |
| ८ | खुसानी | चिनीले डाडा | नर्करे |

( स्रोत: वडा भेला/ छलफल २०७९)

गाउँपालिकामा अधिकांश परिवारले पशुपालन गर्ने गरेको पाइन्छ । मुख्य तथा कृषिको सहायक पेशाको रुपमा पशुपालनलाई अघि बढाएको भएता पनि वर्तमान अवस्थामा व्यक्तिगत तथा सामुहिक रुपमा व्यवसायिक पशुपालन बढ्दै गएको छ । पालिकामा मुख्यतया कुखुरा, बाख्रा, गई, भैंसी, बंगुरको व्यवसायिक रुपमा उत्पादन हुने गरेको छ ।




फोटो 1: पशुपालनको स्थिति

### २.२.३. पर्यटन

हरिहरपुरगढी गाउँपालिका विविध जैविक विविधता सहित शिवालिक क्षेत्रमा अवस्थित छ। यस गाउँपालिका भित्र धेरै पर्यटकीय गन्तव्यहरु छन् । सबै पर्यटकीय स्थलहरु मध्ये हरिहरपुर गढी र गढी दरबार गाउँपालिका मात्रै नभई सिन्धुली जिल्लाकै प्रख्यात पर्यटकीय स्थलको रुपमा रहेको छ । हरिहरपुर गढी १४ औं शताब्दी ईसा पूर्वमा हरि सिंह देवले बनाएको धेरै पुरानो किल्ला हो । यसको ऐतिहासिक र पुरातात्विक महत्व छ । हरेक वर्ष यहाँ पर्यटकहरूको भीड लाग्ने गर्दछ ।



फोटो 2: ऐतिहासिक हरिहरपुरगढी दरबार क्षेत्र

कुण्ड पोखरी, लोहसुर पोखरी, जितपुरगढी, भौगालिक विविधताको रुपमा समथर फाँट, चुरे क्षेत्र देखि महाभारत सम्मको भूभाग, विभिन्न मठ मन्दिर, गुम्बा पनि पालिकामा पर्ने मुख्य पर्यटकीय स्थलहरु हुन् ।

तालिका 7: पालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरु

| **वडा** | **पर्यटकिय स्थलको नाम** |
|---|---|
| १ | हरिहरपुरगढी किल्ला, दरबार |
| २ | राई संग्राहलय |
| ७ | बुद्धगते गुम्बा, पेमा देहलिङ गुम्बा, शिव मन्दिर, अँधेरी गुम्बा |
| ८ | धिमिले हिल्लोक, रामचुवा गुम्बा |
| | जिरपुरगढी |
| | कुण्ड पोखरी, लोहसुर पोखरी |

(स्रोत:वडा भेला/छलफल २०७९)

## २.२.४. उद्योग तथा व्यापार, व्यवसाय

### २.२.४.१. उद्योग

हरिहरपुरगढी गाउँपालिका कृषिमुखी गाँउपालिका हो । आर्थिक जनगणना २०१८, अनुसार करिब २६.३८ % उद्योगहरू कृषिसँग सम्बन्धित छन् । जबकि ३७.४० प्रतिशत थोक र खुद्रा व्यापारसँग सम्बन्धित छ जहाँ अन्न वाली, तरकारी र फलफूलका साथै अन्य उत्पादनको कारोबार हुन्छ । व्यावसायिक उद्योगको उपस्थिति अझै नगण्य छन् । गाउँपालिकामा फर्निचर, राईस मिल, दुध डेरी जस्ता साना केहि उद्योगहरू छन् । गाउँपालिकामा करिब ३७ होटल र रेष्टुरेन्ट सञ्चालनमा छन् । यस गाँउपालिकिको मुख्य बजार केन्द्र झनझने बजार हो, भने चैनपुर बजार र श्रीपुर बजार अन्य प्रमुख बजारहरू हुन् ।

| **क्र.सं** | **उद्यमका प्रकार** | **सङ्ख्या** |
|---|---|---|
| १ | कृषि वन तथा माछा पालन | १८५ |
| २ | उत्पादन सम्बन्धि उद्यम | ९५ |
| ३ | खानी,खनिज, ग्यास, खानेपानी तथा निर्माण | २ |
| ४ | होलसेल तथा खुद्रा व्यापार | २२४ |
| ५ | यातायात, सूचना तथा संचार | १ |
| ६ | होटेल तथा रेष्टुरेन्ट | ३७ |
| ७ | शिक्षा | ५२ |
| ८ | स्वास्थ्य तथा सामाजिक कार्य | १० |
| ९ | अन्य | २० |

(स्रोत: राष्ट्रिय आर्थिक सर्भेक्षण, २०१८)

#### २.२.४.२. व्यापार व्यवसाय

अधिकांश भूभाग ग्रामिण परिवेशको रहेको हरिहरपुरगढी गाउँपालिकाको मुख्य व्यपारिक केन्द्र झनझने बजार चैनपुर र श्रीपुर हुन । यस पालिकामा होलसेल तथा खुद्रा व्यापार गरि जम्मा २२४ वटा पसल रहेका छन् (स्रोत: राष्ट्रिय आर्थिक सर्भेक्षण, २०१८) ।

यहाँ बाट निकासी हुने मुख्य वस्तुहरुमा तरकारी, फलफूल, चिया, मास, मस्यांग, घ्यु रहेका छन् । उपभोगको लागि आवश्यक सामानहरुको आपूर्तिबाट अन्य शहरबाट हुने गरेको देखिन्छ र आयात हुने मुख्य वस्तुहरुमा खाद्यान्न, औषधि जन्य सामग्री, लत्ता कपडा, निर्माण सामग्री, उन्नत जातका बिउ बिजन, रासायनिक मल आदि पर्दछन् । गाउँपालिकामा भण्डारणको व्यवस्था नहुँदा स्थानीय उत्पादनहरु सिधै  बजारमा जाने गर्दछन् ।

### २.२.५. श्रम तथा रोजगारी

प्रदेशको प्रति व्यक्ति आय अमेरिकी डलर १९४६ रहेको छ । दुई तिहाई भन्दा बढी नागरिक कृषि पेशामा संलग्न रहेको यस गाउँपालिकामा स्वभावत रोजगारी र आम्दानीको प्रमुख श्रोत पनि कृषिनै मान्न सकिन्छ । तर कतिपय अवस्थामा मुख्य पेशा कृषि भएता पनि आय आर्जनका लागि अन्य पेशामा पनि संग्लग्न रहेका छन् । स्थानीय बासिन्दा कृषिको साथै ब्यापार ब्यवसाय, उद्योग ,सेवा (निजामती, प्रहरी, जंगी, शिक्षण ), वैदेशिक रोजगारी आदिमा संग्लग्न छन् । बागमती प्रदेशको बेरोजगारी दर ११.४ % छ भने यस गाउँपालिकाको बेरोजगार दर उच्च छ (आ.ब.२०७९/०८० को नीति तथा कार्यक्रम ) ।

हरिहरपुरगढी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य संबिधानत: रोजगारीको हक सुनिश्चित गर्नु हो । पालिकामा  आ.व २०७६/०७७ देखि २०७९/०८० सम्म सुचिकृत भएका बेरोजगारको  सङ्ख्या, तथा रोजगार प्राप्त गर्नेको  सङ्ख्या तथा रोजगारीका दिन को विवरण तालिकामा उल्लेख गरिएको ।

तालिका 8:  रोजगार सम्बन्धि विवरण

| क्र.सं. | आर्थिक वर्ष | सुचिकृत बेरोजगार सङ्ख्या | रोजगारीमा खटिएका व्यक्तिको सङ्ख्या | कुल आयोजना | कुल रोजगारीका दिन |
|---|---|---|---|---|---|
| १ | २०७६/०७७ | १५६ | - | २२ | - |
| २ | २०७७/०७८ | १४२ | १०३ | १७ | १०२९३ |
| ३ | २०७८/०७९ | ६०१ | ६८ | १४ | ५६४९ |
| ४ | २०७९/०८० | ५७८ | - | | - |

( स्रोत: http://www.pmep.gov.np/esc/statistics )

## २.२.६. वित्तीय सेवा

सार्वजनिक र निजी क्षेत्रको साथै सहकारी क्षेत्रको सहभागिता एवं विकास मार्फत देश विकास गर्ने नीति राज्यले लिएको छ । अर्थतन्त्रको तल्लो तह सम्म कार्य गर्ने भएकोले सहकारी क्षेत्रले स-सानो रुपमा छरिएर रहेका पुँजी, सीप, प्रविधि आदिलाई एकत्रित गरी देशको विकासमा प्रभावकारी ढंगले लगानी गर्न सकेको खण्डमा अर्थतन्त्रको विकास हुने मात्र नभई देश मा विद्यमान बेरोजगारको समस्या पनि धैरे हद सम्म अन्त्य हुने देखिन्छ । आ.ब. २०७५/०७६ सम्ममा देश मा ३४,७६३ बिभिन्न क्षेत्रमा कार्य गर्ने सहकारी संस्थाहरु रहेको देखिन्छ । सहकारी सम्बन्धि शिक्षा र चेतनाको विस्तार नहुनु र उत्पादन तथा रोजगारी वृद्धिमा यस क्षेत्रवाट खासै योगदान पुर्याउन नसक्नु र वचत र ऋणको कारोबारमा मात्र केन्द्रित हुनु सहकारीको प्रमुख समस्याको रुपमा देखिन्छन ।

हरिहरपुरगढी गाउँपालिकामा वित्तीय सेवा प्रदान गर्ने जम्मा ८ वटा विभिन्न किसिमका वित्तीय संस्थाहरु रहेका छन् । जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | वित्तिय संस्थाको नाम | प्रकार |
|---|---|---|
| १ | हरिहरपुरगढी साना किसान कृषि सहकारी संस्था | सहकारी |
| १ | सुनौलो विहान महिला बचत तथा ऋण सहकारी संस्था | सहकारी |
| २ | सुनाखरी सहकारी संस्था | सहकारी |
| ३ | लघुउद्यमी सहकारी संस्था | सहकारी |
| ४ | हातेमालो लघुउद्यमशिल सहकारी सस्था | सहकारी |
| ५ | जाल्पा लघुवित्त | लघुवित्त |
| ६ | माउली लघुवित्त | लघुवित्त |
| ७ | साधना लघुवित्त | लघुवित्त |

( स्रोत: वडा भेला/छलफल, २०७९)

# २.३. सामाजिक विकासको अवस्था

## २.३.१. स्वास्थ्य तथा पोषण

हरिहरपुरगढी गाउँपालिकामा जम्मा ११ वटा स्वास्थ्य संस्था रहेका छन् । जसमध्ये ४ स्वास्थ्य चौकी र ७ सामुदायिक स्वास्थ्य ईकाई रहेका छन् । यस्ता स्वास्थ्य संस्थामा विरामी जाँच, औषधी वितरण, पोषण सेवा, प्रसुती सेवा, गर्भवती जाँच, ल्याब सेवा, खोप सेवा, परिवार नियोजन सेवा, भिटामिन ए खुवाउने तथा अन्य उपचारात्मक सेवाहरू उपलब्ध रहेका छन् । पालिकामा समय समयमा निशुल्क स्वास्थ्य शिविर संचालन पनि संचालन गर्ने गरिएको छ । आधारभूत स्वाथ्य उपचार स्थानीय स्वास्थ्य चौकीबाट प्राप्त हुने भएता पनि थप उपचारका लागि स्थानीयहरू हेटौडा तथा काठमाडौँका विभिन्न अस्पतालमा जाने गरेका छन् । गाउँपालिकामा ५ शैयाको अस्पताल निर्माण भएको छ भने १५ शैयाको अस्पताल निर्माणाधीन छ *(स्रोत: दिर्घकालिन सोंच तथा योजना तर्जुमा गोष्टी २०७९ )* ।

तालिका 9: वडागत स्वास्थ्य संस्थाको वितरण

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | स्थान/ठेगाना |
|---|---|---|
| १ | हरिहरपुरगढी स्वास्थ्य चौकी | जतिपुर |
| १ | चीसापानी सामुदायिक स्वास्थ्य ईकाइ | आकाशे डाँडा |
| २ | रतनपुर स्वास्थ्य चौकी | रतनपुर |
| ५ | सामुदायिक स्वास्थ्य इकाई | भलय खोला |
| ४ | महेन्द्रझ्याडी प्राथमिक स्वास्थ्य केन्द्र | बेलपुर |
| ३ | कुशदमार स्वास्थ्य चौकी | कुशदमार |
| ६ | सामुदायिक स्वास्थ ईकाई | हरिहरपुर |
| ६ | सानो कौवा स्वास्थ इकाई | सानो कौवा |
| ६ | सानो कौवा- बेसि स्वास्थ इकाई | बेसि टोल |
| ७ | सामुदायिक स्वास्थ्य इकाई कटहर | कटहर |
| ७ | सामुदायिक स्वास्थ्य इकाई | भुताहा |

( स्रोत: वडा भेला/छलफल, २०७९)

फोटो 3 क्यानेश्वर स्वास्थ्य चौकी





फोटो 4 महेन्द्रझ्याडी प्राथमिक  स्वास्थ्य केन्द्र

यस गाउँपालिकामा पालिकाका उमेरनुसार खोप लगाएका बालबालिकाको विवरण यस प्रकार छ ।

तालिका 10: बालबालिकाले लिएको खोपको अवस्था

| **खोपको प्रकार** | **प्रतिशत** |
|---|---|
| पूर्ण खोप प्राप्त १ वर्ष मुनिको बालबालिकाको प्रतिशत | ५८.५ |
| बिसिजी खोप प्राप्त १ वर्ष मुनिको बालबालिकाको प्रतिशत | ८६.१ |
| डीपीटि, हेपा.बी र एचआईभी १ खोप १ वर्ष मुनिको बालबालिका को प्रतिशत | ८६.३ |
| डीपीटि, हेपा.बी र एचआईभी ३ खोप १ वर्ष मुनिको बालबालिका को प्रतिशत | ७८.८ |
| पोलियो खोप १ वर्ष मुनिको बालबालिका को प्रतिशत | ७९.४ |
| पिसिभी ३ खोप | ७७.५ |
| दादुरा/ रुबेला २ खोप प्राप्त १२-२३ महिना मुनिको बालबालिका को प्रतिशत | ४९.९ |
| जापानिज एन्सेफलाईटिसको खोपप्राप्त १२-२३ महिना मुनिको बालबालिका को प्रतिशत | ६०.६ |

(स्रोत: (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)

## २.३.२. शिक्षा

कुनै पनि क्षेत्रको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा मानव विकासको एक महत्वपूर्ण सूचक पनि हो । कुनै पनि स्थानको विकासको स्तर पहिचान गर्न प्रयोग गरिने सूचकहरू मध्ये शिक्षा पनि एक हो । यो सामाजिक परिवर्तन मापन गर्ने उपकरणको रूपमा पनि रहेको छ ।

जनगणनाको तथ्याङ्कका आधारमा ९२९१ जनाले प्राथमिक (३३.५१ प्रतिशत), ६१६ ले निम्न माध्यमिक (२.२२ प्रतिशत), ६६६ ले माध्यमिक (२.४० प्रतिशत), १६९ ले उच्च माध्यमिक (०.६१ प्रतिशत), ५० जनाले स्नातक (०.१८ प्रतिशत)  र ७ जनाले स्नातकोत्तर तह (०.०३ प्रतिशत) उत्तीर्ण गरेका छन् । यस गाउँपालिकामा कूल जनसङ्ख्याको ३९.४६ प्रतिशत निरक्षर छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)।

हरिहरपुरगढी गाउँपालिकाको कुल साक्षरता दर ५०.५८ % रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)। लगभग ३.३० प्रतिशत पढ्न र लेख्न सक्ने सामान्य साक्षर छन् ।




चित्र 3: गाउँपालिकाको साक्षरताको अवस्था

हरिहरपुरगढी गाउँपालिकामा माध्यमिक तहका ८ वटा र आधारभूत तहका ४० वटा गरी जम्मा ४८ वटा शैशिक संस्थाहरु रहेका छन् । पालिकाका ८ वटै वडामा शैशिक संस्थाहरु हरेक छन् । वडा नं ७ बाहेक सबै वडामा माध्यमिक विद्यालय रहेका छन् । प्राविधिक शिक्षा अन्तर्गत  कम्प्युटर, ईन्जिनीरिनङ र भेटेनेरी शिक्षा संचालन छन् ।

विद्यार्थीहरु माध्यमिक तह सम्मको शिक्षाका लागि स्थानीय विद्यालयमानै जाने भएता पनि उच्च शिक्षाका लागि गाउँपालिका बाहिर बिशेष गरि हेटौडा, सिन्धुली, काठमाडौँ जस्ता शहरमा जाने गरेका छन् ।




नक्शा 4: शैक्षिक संस्थाको वितरण

गाउँपालिकामा रहेका विद्यालयहरुमा सबै विद्यालयका आफ्नै भौतिक संरचना छन् । यद्यपि भौतिक संरचनाहरु पर्याप्त भने छैनन् । धेरैजसो विद्यालयका भवनहरु सरकारी भवन मापदण्ड अनुसारका छैनन् । पालिकाभित्र रहेका विद्यालय मध्ये कुनै पनि विद्यालयमा व्यवस्थित पुस्तकालय छैन । सबै विद्यालयमा ईन्टरनेटको व्यवस्था छैन ।

त्यसैगरी सबै विद्यालयहरुमा सौचालय भएता पनि छात्र, छात्रा तथा कर्मचारीका लागि छुट्टाछुट्टै सौचालय छैन भने भएका सौचालय पनि सफा तथा व्यवस्थित छैनन् । सुरक्षित खानेपानीको व्यवस्था पनि सबै विद्यालयमा पुगेको छैन । शैक्षिक संस्थामा फोहोर व्यवस्थापनका लागि कुनै ठोस व्यवस्था छैन । शैक्षिक संस्थामा भौतिक संरचना अपाङ्गमैत्री तथा बाल मैत्री बन्न सकेका छैनन् ।



फोटो 5: श्री जनज्योति आ.वि



फोटो 6: श्री महेन्द्रझ्याडी मा.वी.

## २.३.३. महिला तथा बालबालिकको स्थिति

हरिहरपुरगढी गाउँपालिकामा महिलाको स्थिती राम्रो देखिन्छ । यस पालिकामा कुल घरपरिवार मध्ये १७.२३ % घरमुली महिला रहेका छन् । जमिन र घरमा महिलाको स्वामित्व भएको घरपरिवार क्रमश: ५.७३ % र १. ५३ % रहेका छन् । त्यसैगरी गाउँपालिकामा महिला साक्षरता दर ४१.६३ % रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६) ।

गाउँपालिकामा महिला हिंसा एवं छुवाछुत सम्बन्धि घटनाहरु न्यायिक समितिले हेर्दछ । न्यायिक समितिमा घटना दर्ता भएपछी न्यायिक निरुपण तथा मेलमिलापको प्रक्रियाबाट घटना किनारा लगाउने गरिन्छ । यी दुवै प्रक्रियाबाट समाधान हुन नसकेका घटनाहरुमात्र प्रशासन तथा न्यापालिकामा जान्छन । न्यायिक समिति गाउँपालिका प्रमुखको संयोजकत्वमा गठन भएको छ ।

नगरको कुल जनसङ्ख्याको आधा भन्दा बढी ५२.१२ % महिला रहेको यस गाउँपालिकामा महिलाहरु राजनीतिक रुपमा पनि सक्रिय छन् । हरिहरपुरगढी गाउँपालिका महिलाहरु आमा समूह, महिला समूह जस्ता समूहमा आवद्ध रहेर विभिन्न सामाजिक क्रियाकलापमा संगलग्न रहदै आएका छन् । त्यसैगरी गाउँपालिकामा संचालन हुने विभिन्न योजना, कार्यक्रम तथा परियोजनाको निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार सम्बन्धि कामका लागि गठन हुने उपभोक्ता समितिमापनि रहेर महिलाको उपस्थिति राम्रो छ । पालिकाको विकास निर्माणका कार्यमा पनि महिलाको सक्रिय सहभागिता हरेको देखिन्छ ।

त्यसैगरी गाउँपालिकामा बालबालिकाको स्थिती पनि राम्रो देखिन्छ । कुल जनसङ्ख्याको ४५.६५ % बालबालिका रहेको यस पालिकाका सबै बालबालिकाले उमेर अनुसार प्राप्त गर्नुपर्ने खोप सेवा प्राप्त गरेका छन् । पालिकामा आधारभूत तहको कुल भर्नादर १२०.६१ छ जसमा बालिकाको भर्नादर १२१.०८ छ, भने बालकको भर्नादर १२०.१४ रहेको छ । त्यसैगरी माध्यमिक तहको कुल भर्नादर ६८.७३ छ । जसमा बालिकाको भर्नादर ६७.२६ र बालकको भर्नादर ७०.१९ रहेको छ त्यसैगरी पालिकामा आधारभूत तह र माध्यमिक तहमा बालबालिकाको खुद भर्नादर क्रमश ९४.०४ र ५९.२५ रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६) ।

बालबालिकाको आफ्नो विचार राख्ने तथा वृति विकासक लागि बाल क्लबको स्थापना तथा संचालन भएका छन् । त्यसैगरी गाउँपालिका बाल मैत्री स्थानीय शासन संचालनका लागि पनि प्रयासरत छ ।

## २.३.४. युवा तथा खेलकुद

युवा कुनै पनि स्थानका विकासका सम्वाहक हुन् । युवा शक्तिको परिचालन बाटनै विकास सम्भब हुन्छ । हरिहरपुरगढी गाउँपालिकाको जनसङ्ख्याको बनौट हेर्दा कुल जनसङ्ख्याको झन्डै ३६.६४ % हिस्सा युवाको रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६) । यो सङ्ख्या बागमती प्रदेशमा ३५.७९ % रहेको छ । नेपालमा पछिल्लो समयमा युवाहरु विदेशिने क्रम बढ्दै गईरहेको भने यसबाट हरिहरपुरगढी गाउँपालिका पनि अछुतो रहन सकेको छैन । गाउँपालिकाबाट विशेष गरि बैदेशिक रोजगारी, शिक्षा तथा रोजगारीका लागि युवाहरु बाहिरिने क्रम बढ्दो छ । यद्यपि पालिकाले युवावर्गलाई स्थानीय स्तरमानै टिकाई राख्न विभिन्न प्रोत्साहनका कार्यक्रम गर्दै आइरहेको छ ।

शारीरिक तथा मानसिक विकास साथै अनुशाशित युवा पुस्ताको विकासका लागि हरिहरपुरगढी गाउँपालिकाले खेलकुदको विकासलाई पनि प्राथमिकताका साथ कार्य गरिरहेको छ । गाउँपालिकाले खेलकुदको विकासका लागि विभिन्न प्रयासहरु भईरहेका छन् । पालिकाका विभिन्न स्थानमा खेल मैदानहरू निर्माण गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जस्ता कार्य गरिरहेको छ । गाउँपालिकाले युवा खेलाडीहरुको मनोबल बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रम समेत संचालन गरिरहेको छ ।

| वडा नं. | नाम | स्थान |
|---|---|---|
| १ | गैरिगाउँ खेल मैदान | गैरिगाउँ |
| १ | वस्तिपुर खेल मैदान | वस्तिपुर |
| १ | कूँडुले खेल मैदान | कूँडुले, चिसापानी |
| १ | हरिहरपुरगदि दरवार खेलमैदान | गडी वसेरी |
| २ | चैनपुर फुटबल मैदान | चेनपुर |
| २ | फुटबल मैदान | बखफत |
| २ | फुटबल मैदान | जखौरे |

| वडा नं. | नाम | स्थान |
|---|---|---|
| २ | कराते कोर्ट | वखफत |
| ४ | फुटबल चौर, झ्याड़ी | सिमलपुर |
| ४ | बाह्रबिसे फुटबल मैदान | बार्हबिसे |
| ४ | हाकपारा फुटबल मैदान | हाकपारा |
| ४ | भुश्रे फुटबल मैदान | भुश्रे जुटपानी |
| ३ | कराते कवर्ड हल | हरिहरपुरगढी ३ |
| ३ | फुटबल मैदान | गुर्जी |
| ३ | भलिबल मैदान | गुर्जी |
| ३ | ब्याटमिन्टन कोर्ट तथा ब्यायाम स्थल | गुर्जी |
| ६ | रौगेदोभान खेल मैदान | रौगेदोभान |
| ६ | ढप्सार, खेल मैदान | ढप्सार, |
| ६ | फूटबल मैदान | |
| ६ | रांगेचुरी खेल मैदान | रांगेचुरी |
| ७ | कबर्ड हल | क्टार |
| ७ | मिनी पार्क | क्काटार |
| ८ | फूटबल मैदान | पाँचतले |

( स्रोत: वडा भेला/ छलफल २०७९)



फोटो 7: ब्याटमिन्टन कोर्ट , वडा ५



फोटो 8: खेल मैदान

## २.३.५. धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थल

सम्पदा व्यक्तिगत र सामूहिक पहिचानको लागि महत्त्वपूर्ण छ । नेपाल दक्षिण एसियाको एक प्राचीन देश हो र यसको संस्कृति तथा सम्पदा विश्व प्रसिद्ध छ। हरिहरपुरगढी गाउँपालिकामा विभिन्न जातजातिको संगम हो यहाँ

बसोबास गर्ने सबै जातजातिको आफ्नै भाषा, परम्परा, संस्कृतितथा प्रचलन छन् । धार्मिक समारोह र चाडपर्वहरूमा मानिसहरू पूजा गर्न मन्दिरहरूमा जान्छन् ।

पालिकामा धार्मिक महत्वका विभिन्न मन्दिर तथा गुम्बाहरु रहेका छन् । कालिका मन्दिर, रत्नदेवी मन्दिर, शिवमन्दिर, जलेश्वोर थान मन्दिर, सामलिङ तिर्थ गुम्बा, माया बौद्ध छोरदेंन गुम्बा, प्रेमा थपोलिंग गुम्बा, मार्मेन छोरदेंन गुम्बा, धिमिले डाडा गुम्बा मुख्य धार्मिक स्थलहरु हुन् । पालिकामा रहेका धार्मिक स्थलहरुको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।



नक्शा 5: धार्मिक स्थालहरुको वतरण

गाउँपालिकामा मनाईने मुख्य चाडपर्वहरुमा दशै, तिहार, तिज, साउने सङ्क्रान्ती, जनै पूर्णिमा, शिवरात्रि, माघे सङ्क्रान्ती, चैते दशैं, बैशाख पूर्णिमा लगायतका चाडपर्वहरू मनाइन्छ गाईजात्रा, तमु ल्होसार, ग्याल्वो ल्होसार, सोनाम ल्होसार, उधौली उभौली, चाडपर्व धुमधामका साथ मनाईन्छ । विभिन्न जातजाति तथा फरक फरक धर्म मान्नेहरुको बसोबास भएता पनि सामाजिक सौहार्दता कायम छ ।

हरिहरपुरगढी दरबार गाउँपालिकामा पर्ने मुख्य ऐताहिसिक स्थल हो । ऐताहिसिक नेपाल अंग्रेज युद्ध स्थाको रुपमा रहेको गढी दरबार पर्यटकिय दृष्टिले अनि महत्वपूर्ण रहेको छ । यस ऐताहिस सतहको विकास तथा पुनस्थापनाका लागि गुरुयोजना बनाई सोहि अनुसार कार्य भईरहेको छ ।पालिका बाहेक प्रदेश सरकार र संघिय सरकारले पनि यस कार्यमा सहयोग गरिरहेको छ ।

गाउँपालिकाका विभिन्न शवदाह स्थलहरु रहेका छन् । विभिन्न जति तह धर्मका आधारमा घाट, चिहानका लागि स्थान छुट्याइएको छ । संस्कृतिक, धार्मिक तथा जातीय महत्वो राख्ने यस्ता स्थानको संरक्षण र विकासका लागि

पालिकाले कार्य गर्दै आइरहेको छ । पालिकामा रहेका शवदाह स्थलहरुको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

### २.३.६. सुरक्षा

गाउँपालिकामा सुरक्षाको लागि ४ वटा प्रहरी कार्यालयले नागरिकलाई सुरक्षा प्रदान गरिरहेका छन् । गाउँपालिकामा सामान्य चोरि, झैझगडा, घरायसी विवाद जस्ता सामान्य बाहेक सुरक्षा सम्बन्धि अन्य जटिल घटनाहरु देखिदैनन । शान्ति सुरक्षाका लागि सुरक्षाकर्मी २४ सै घण्टा तैनाथ रहेकोले यहाँको शान्ति सुरक्षाको स्थिती राम्रो देखिन्छ ।

तालिका 11: सुरक्षा निकायको विवरण

| वडा नं | प्रहरी चौकीको नाम | सुरक्षाकर्मी सङ्ख्या |
|---|---|---|
| १ | हरिहरपुरगढी प्रहरी चौकी | ७ |
| ४ | प्रहरी चौकी महेन्द्र झ्याड़ी | ७ |
| ३ | हरिहरपुरगढी प्रहरी चौकी | ५ |
| ७ | क्यानेश्वर प्रहरी चौकी | ५ |

(स्रोत : वडा भेला/ छलफल, २०७९)



फोटो 9: प्रहरी चौकी महेन्द्रझ्याडी

# २.४. पूर्वाधार तथा शहरी विकास

## २.४.१. भूउपयोग

हरिहरपुरगढी गाउँपालिकाको कुल क्षेत्रफल ५३४७.२७ हेक्टर रहेको छ । पालिकाको भू-उपयोगको विवरण अनुसार गाउँपालिकाको सबै भन्दा धैरै जमिन वन क्षेत्रले ओगटेको छ । त्यसैगरी खेतीयोग्य जमिन १५.९५ %, ६.९६ % खोला किनार क्षेत्र, १.२८ झाडी क्षेत्रले ओगटेको छ । पालिकाको भूउपयोग विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 12: गाउँपालिकाको वर्तमान भूउपयोग विवरण

| वर्तमान भूउपयोग विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत (%) |
|---|---|---|
| बाँझो जमीन | ७०.५ | ०.२० |
| वस्ती | १८३.७ | ०.५३ |
| झाडी | ४३९.६ | १.२८ |
| खेतीयोग्य | ५४८४.८ | १५.९५ |
| वन जंगल | २४७७८.२ | ७२.०५ |
| खोला/ जलस्रोत | ४१५. | १.२१ |
| खोला किनार तथा बगर | २३९३.१ | ६.९६ |
| घाँसे क्षेत्र | ६२५.८ | १.८२ |
| **जम्मा** | **७०.५** | **१००** |

स्रोत: GIS नक्शा )




नक्शा 6: गाउँपालिकाको विद्यमान भूउपयोग नक्शा

## २.४.२. वस्ती, आवास तथा सार्वजनिक निर्माण

यस गाउँपालिकाका मुख्य बस्तिहरुमा बसेरी, गुर्जीडाँडा, हकप, झनझने, थामडाँडा, चिसापानी, भुताहा, पान्तले, पर्त जामुने, आदि हुन् । पालिकामा रहेका मुख्य वस्तीको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 13: वडागत मुख्य वस्तीको विवरण

| वडा | मुख्य वस्ती |
|---|---|
| १ | आकासे डाँडा, बस्तीपुर फाँट, गोठडाँडा, करकरे, कोल्टी |
| २ | बखफर, चैनपुर बजार, जकौली, जमेडाँडा, झनझने, पर्तिहैनी, रतनपुर, श्रीपुर बजार, सोकागाँउ |
| ३ | ब्रहमथान, घण्टे, गुर्जी, हायुटार, कुरुले, तिनकुना |
| ४ | बाह्रविसे, गुरुंगटोल, जुटपानी, माथिल्लो हर्कपारा, सिमपुर, तल्लो हर्कपारा |
| ५ | आँपटार, भल्खाडा, बोटेनी, सेपाहा, सिन्दुरे दोभान, उचाल ढुंगा |
| ६ | बेसीटोल, रंगचुरी, रंगेदोभान, सानो कुवा, ठूलो कुवाडाँडा |
| ७ | धुम्वे, कुन्डा डाँडा, पन्थ चउरी, पथाराही, पुरानोगाउँ, सानो धुम्बे |
| ८ | भालुतेरे, जमुनेपर्ता, पान्तले, ठूलो ढाँड खोला गाउँ, तिलबारी |

(स्रोत: वडा भेला/छलफल २०७९)

गाउँपालिकामा ९९.२८ % परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गर्दछन । मात्र ०.३७ % भाडाको घरमा बस्ने र बाँकि अन्य स्वामित्व भएको घरमा बसोबास गर्दछन । घरको गाह्रोका आधारमा हेर्दा ३७.५५ % घर परिवार माटोको जोडाई भएको घरमा बसोबास गर्दछन् । यस पालिकामा ढलान गरेको पिल्लरवाला मात्र ०.०३ % रहेका छन् भने सिमेन्टको गार्हो भएका घरमा बस्ने परिवारको सङ्ख्या मात्र ०.५९ % रहेको छ । २०७२ को भूकम्प पछि यस क्षेत्रमा बन्ने घरहरुमा पिल्लरवाला ढलान गरेको घर, तथा जस्ताले छाना छाउने प्रचलन बढ्दै गैरहेको छ ।



फोटो 10: परम्परागत शैलीका घरहरु



फोटो 11: स्थानीय वस्ती, वडा नं ३

**सार्वजनिक भवन**

पालिकामा रहेका मुख्य सार्वजनिक भवनमा नगरपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था आदि हुन् । त्यसैगरी सामुदायिक भवन पनि पालिकामा रहेका मुख्य सार्वजनिक भवनको सुचिमा पर्दछन । यी सामुदायिक भवनमा विभिन्न सामाजिक छलफल, बैठक, तालिम जस्ता कार्यक्रम संचालन हुन्छन ।

सामुदायिक भवन विभिन्न संघ संस्था, पालिका तथा वडाको बजेटबाट निर्माण भएका हुन् । यस्ता भवनहरूमा खानेपानी, शौचालय फर्निचरको कमि जस्ता समस्या रहेका छन् ।

तालिका 14: सामुदायिक भवनको इव्रण

| वडा नं. | सामुदायिक भवनको नाम | स्थान | भवनको प्रकार |
|---|---|---|---|
| १ | सुनौलो विहान महिला बचत तथा ऋण सहकारी संस्था | वसेनी | पक्की |
| २ | राई संग्राहलय | रतनपुर | पक्की |
| ५ | आमा समूह | बर्तिनी | कच्ची |
| ७ | पथराही सामुदायिक वन | पथराही | पक्की |

(स्रोत: वडा भेला/ छलफल २०७९ )

## २.४.३. सडक तथा यातायात

सडक पूर्वाधारको पनि पूर्वाधार हो । सडक तथा यातायातलाई विकासको मुख्य संवाहकको रुप्मा पनि लिन सकिन्छ । यसले उद्योग, व्यापार, सञ्चार, विद्युत, स्वास्थ्य, शिक्षा, बजार, प्रविधि, खानेपानी आयोजना आदि जस्ता महत्वपूर्ण सामाजिक आवश्यकताको व्यवस्थापनमा सहयोग पुर्याउछ । सडक सञ्जाल र यातायात सुविधाले उत्पादकहरूलाई आफ्नो उत्पादन र वस्तुहरू बजारमा आपूर्ति गर्न र थप रोजगारी सिर्जना गर्न मद्दत गर्दछ । मदन भण्डारी राजमार्गले यस पालिकलाई छिमेकि जिल्ला संग सिधा जोडेको छ । गाउँपालिकामा पर्ने मुख्य सडकको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

| सडकको स्तर | सडकको नाम | लम्बाई (कि.मि) |
|---|---|---|
| फिडर सडक | धरान – चतारा – गाईघाट – कटारी – सिन्धुली – हेटौडा | २६.३० |
| कलेक्टर सडक | | ५६.१० |
| स्थानीय सडक | | ३२७.२१ |
| जम्मा लम्बाई | | ४०९.६१ |

यस गाउँपालिकाको मदन भण्डारी राजमार्गमा सार्वजनिक यातायात संचालन हुन्छन । यसका साथै अन्य केहि सडक खण्डमा सार्वजनिक यातायात संचालन हुन्छन । निजि सवारी साधन भने अन्य धैरै सडक खण्डमा संचालन हुन्छन । गाउँपालिकामा चल्ने यातायातका साधनहरूमा मोटरसाइकल मुख्य हुन् । त्यसैगरी जिप, मोटरसाईकल,

ट्र्याक्टर, टेम्पो आदि, पनि छिटपुट रुपमा चल्छन । मुख्य गरि  स्थानीय उत्पादनहरु तरकारी ,फलफुल , पशुजन्य उत्पादन पालिका बाहिर ढुवानी गर्न तथा लत्ताकपडा, खाद्यान्न, कृषि सामग्री (मल, विउ)निर्माण सामग्री (सिमेन्ट, बालुवा, डण्डि, जस्तापाता आदि) जस्ता समाग्रीहरू पालिकामा आयात गर्न ठुला मालबाहक ट्रक पनि चल्छन । गाउँपालिकामा भएका सडकहरुमा सुख्खा महिनामा यातायात संचालन भएता पनि आवश्यक स्थानमा कल्भर्ट, ग्याविन वाल, नालीको व्यवस्था नभएका तथा कच्ची सडक भएकोले वर्षातको मौसममा भने सबै ठाउँमा यातायात संचालनमा समस्या छ । गुर्जी बसपार्क पालिकामा रहेको एक मात्र बसपार्क हो ।



फोटो 12: मदन भण्डारी राजमार्ग



फोटो 13: गाउँपालिकामा संचालन हुने यातायातका साधनहरु

## २.४.४.	खानेपानी तथा सरसफाई

सुरक्षित पिउने पानी मौलिक मानव अधिकार हो । सुरक्षित पिउने पानी आपूर्तिमा पहुँचले सरसफाई र स्वच्छता सुनिश्चित गर्दछ जसले स्वस्थ्य जीवनस्तर प्रवर्द्धन गर्दछ। हरिहरपुरगढी गाउँपालिकाका अधिकांश जन सङ्ख्या पानीको आवश्यकताका लागि नढाकिएको इनारमा निर्भर छन् । यस गाउँपालिकामा २ हजार ७२३ घरधुरी, करिब ५९ % कुवामा निर्भर छन् भने १ हजार २ सय ३४ घरधुरी, करिब १७ % ले धारा वा पाइपबाट खानेपानी प्राप्त गर्छन् । धारा वा पाइपलाइनबाट घरपरिवारमा खानेपानीको आपूर्तिका लागि विभिन्न प्राकृतिक मुहानबाट पानी संकलन गरिन्छ।

| क्र.सं | खानेपानीको श्रोत | प्रयोग गर्ने घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नढाकिएको इनार, कुवा | २७२३ | ५९.३८ % |
| २ | धारा वा पाइप | १२३४ | २६.९१ % |
| ३ | ढाकिएको इनार | २३२ | ५.०६ % |
| ४ | नदी/ खोला | १६६ | ३.६२ % |
| ५ | अन्य | १२४ | २.७० % |
| ६ | वोरिङ्ग | ८५ | १.८५ % |

| | | | |
|---|---|---|---|
| ७ | थाहा नभएको | २२ | ०.४८ % |
| जम्मा | | ४५८६ | १००.०० % |

(स्रोत (जनगणना, २०६८))

## २.४.५. सिँचाई पूर्वाधार

गाउँपालिका अधिकांश ब्यक्तिहरु कृषि पेशामा संलग्न छन् । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन सिँचाईको महत्वपूर्ण भूमिका रहन्छ । गाउँपालिकामा खोला, खोल्सी तथा मुल जस्ता स्रोतबाट सिँचाईको भईरहेको छ । सबै वडामा कुनै न कुनै प्रकारका पानीका स्रोतबाट सिँचाई हुदै आइरहेको छ ।

पालिकाको कुल क्षेत्रफलको करिब १५.९५ % खेतियोग्य जमिन रहेको छ, भने ५६.२४ % जनसङख्याको मुख्य पेशा कृषि रहेको छ । यस पालिकामा भएका खोला, खोल्सी तथा मूलबाट खेतीयोग्य जमिनमा सिँचाईको व्यवस्था गरिएको छ । वस्तीपुर सिँचाई योजना, ककारे सिँचाई योजना, झ्याड़ी फाँट सिँचाई, बसन्त सिँचाई, तमर खोला सिँचाई, आँपडाँडा सिचाई, माथिल्लो पथाराही सिँचाई योजना आदि पालिकामा रहेका मुख्य सिँचाई योजना हुन् ।

त्यसैगरी पालिकामा लिफ्ट सिँचाई बाट पनि खेतीयोग्य जमिनमा सिँचाईको व्यवस्था गरिएको छ । ठुलोमुहन लिफ्ट सिचाई, लाटी खोला गाउ लिफ्ट सिचाई, दुबारखोला गाउ लिफ्ट सिचाई, सिमरास गाउ लिफ्ट सिँचाई, झूवाडी बन्चरे लिफ्ट सिँचाई, चैनपुर क्षपुर लिफ्ट सिँचाई आदि पालिकामा रहेका मुख्य लिफ्ट सिँचाई हुन् ।

पालिकाको वडा न ८ मा पोखरीकोबाट सिँचाईको व्यवस्था गरिएको छ । काली खोला सिचाई पोखरी, यागार टोल सिचाई पोखरी, माथिल्लो जमुने सिचाई पोखरी, पर्ता गाउ सिचाई पोखरी, थापाखोल्चा सिचाई पोखरी, पान्तले सिचाई पोखरी, मगर डाडा सिचाई पोखरी, च्याने सिचाई पोखरी, बाहुन डाडा सिचाई पोखरी, राम चुबा सिचाई पोखरी पालिकामा रहेका मुख्य सिँचाईपोखरी हुन् । गाउँपालिकामा रहेका सिँचाई योजना तथा स्रोतहरुको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

## २.४.१. विद्‌युत् तथा वैकल्पिक ऊर्जा

यस गाउँपालिकाका अधिकांश घरधुरीले प्रकाशको मुख्य स्रोतको रूपमा सौर्य ऊर्जा प्रयोग गर्छन्। ४,५८६ घरपरिवार मध्ये २,७७८ (६०.५८) % घरधुरीले बत्तीको लागि सौर्य ऊर्जा प्रयोग गर्छन्। दोस्रो स्थानमा ४७० (१०.२५%) घरपरिवारले मट्टितेल प्रकाशको स्रोतको रूपमा प्रयोग गर्छन्। गाउँपालिकामा एकदमै थोरै घरपरिवार, २९ घरधुरी (०.६३%) मा मात्र बिजुलीको पहुँच छ (जनगणना, २०६८) ।
गाउँपालिकाका सबै वडामा राष्ट्रिय प्रसारण मार्फत विद्‌युत सेवा पुगेको छ । वडाका विभिन्न स्थानहरूमा १००, ५०, २५, केभिए क्षमताका ट्रान्सफर्मरबाट विद्‌युत वितरण भईरहेको छ । विद्‌युत वितरणका लागि काठ तथा फलामका खम्बाहरुको प्रयोग गरिएको छ । जिर्ण भएका तथा काठका पोल हटाएर फलामे पोल राख्नका लागि पालिकाले प्रयास गरिरहेको छ ।

## २.४.२. सूचना, सञ्चार तथा प्रविधि

गाउँपालिकाका सबै क्षेत्रमा मोवाइल सेवाको पहुँच राम्रो छ । पालिकामा ३३.२५ % ले मोबाईल फोनको प्रयोग गर्दछन भने मात्र ०.०२ % को ईन्टरनेटमा पहुँच रहेको छ । टेलिफोन तथा इन्टरनेट सेवामा घरधुरीको पहुँच बढाउन मोबाइल सेवाको महत्वपूर्ण योगदान रहेको छ । पालिकामा नेपाल टेलिकम र एनसेलको मोवाईल सेवा सबैभन्दा बढी प्रयोगमा रहेको छ । पालिकाका सबै वडामा विभिन्न एफ.एम तथा रेडियो नेपाल लगायत विभिन्न स्टेशनहरु सुन्न सकिन्छ भने विभिन्न केवल नेटवर्क मार्फत टेलिभिजनको पहुँच पनि राम्रो छ । नगरका सबै वडामा मोबाईल फोन तथा ईन्टरनेटको सुबिधा छ । पालिकाका सरकारी कार्यालय जस्तै गाउँपालिका कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीमा ईन्टरनेटको सुबिधा विस्तार भएको छ । गाउँपालिकाले आफ्नो वेबसाइट मार्फत आफ्ना सुचना हरु जस्तै वार्षिक कार्यक्रम, ऐन तथा कानुनहरु सार्वजनिक गर्ने गरेको छ ।

तालिका 15 : सूचना तथा संचाको पहुँचको अवस्था

| क्र.सं | सूचना संचार माध्यमको प्रकार | प्रयोगकर्ता (%) |
|---|---|---|
| १ | मोबाइल फोन | ३३.२५ |
| २ | टेलीफोन | १.२ |
| ३ | टेलिभिजन | ६.४३ |
| ४ | केवल टेलिभिजन | ०.५२ |
| ५ | रेडियो | ४७.३ |
| ६ | इन्टरनेट | ०.०२ |

(वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)

## २.४.३. फोहोरमैला व्यवस्थापन

गाउँपालिकाको वातावरण स्वच्छ र सफा रहेको छ । ग्रामिण परिवेश नै रहेकोले पालिकामा हालसम्म फोहोर व्यवस्थापन समस्याको रुपमा देखिएको छैन । यद्यपी स्थानीयले ठोस फोहोर गाड्ने, जलाउने तथा थुपारेर आफैले व्यवस्थापन गर्ने गरेका छन् । यी बजार क्षेत्रमा फोहोर पानीको निकास पनि समस्याको रुपमा देखिएको छ ।

हरिहरपुरगढी गाउँपालिकाको कुल घरपरिवार मध्ये सेप्टी ट्यांकमा जोडिएको फ्लस भएको १.५ % सौचालय, ०.७ % ले ढल जोडिएको फ्लस भएको सौचालय र ३.४ ५ ले प्रयोग गर्दछन साधारण सौचालय प्रयोग गर्दछन भने ९३.८७ % घरधुरीमा सौचालयनै छैन (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६) ।

## २.५. वन तथा वातावरण

### २.५.१. वन तथा जैविक विविधता

नेपालको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ। पर्यावरणीय सन्तुलनका दृष्टिकोणले कुल जमिनको ४० प्रतिशत जमिन वन क्षेत्रले ढाकिएको हुनुपर्दछ । गाउँपालिकाको कुल क्षेत्रफल ७२.५ % जमिन वन क्षेत्र र १.८२ % घाँसे क्षेत्रले ढाकेको छ । यस क्षेत्रमा रहेको राष्ट्रिय बनलाई विभिन्न सामुदायलाई हस्तान्तरण गरि सामुदायिक वनको रुपमा संरक्षण तथा व्यवस्थापन तथा उपभोगको जिम्मेवारी प्रदान गरिएको छ । पालिकामा जम्मा ५६ वटा सामुदायिक वन रहेका छन् । स्थानीयले यी सामुदायिक वन बाट तथा घास, दाउरा, काठ, स्याउला, पत्कर, जडिबुटी, चरिचरन आदिको प्रयोग गरिरहेका छन् । पालिकामा भएका सामुदायिक वनको विवरण अनुसुचिमा प्रस्तुत गरिएको छ ।

